# मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
**MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्य क्षेत्र भएको)

कर्पोरेट कार्यालय, बिदुर न.पा.-४ बट्टार, नुवाकोट, नेपाल

को

# संस्थापक समूहको शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मितिः २०७७/१२/०४**

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०७८/०१/०७**

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको ५,८९,४३८ कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु.४३७/- मा बिक्री गर्ने यस बैंकको निर्णय अनुसार उक्त शेयरहरु खरीद गर्न योग्य इच्छुक विद्यमान संस्थापकहरु वा जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७८ साल बैशाख ७ गते कार्यालय समयभित्र** तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ। विद्यमान संस्थापकहरुलाई प्राथमिकता दिई यो सूचना प्रकाशित गरी ३५ दिनको समय दिएको हुनाले संस्थापक शेयरधनीहरुलाई छुट्टै ३५ दिनको सूचना प्रकाशित नगरिएको समेत यसै सूचनाद्वारा बिद्यमान संस्थापकहरुलाई जानकारीका लागि अनुरोध गर्दछौं।

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र): |
|---|---|
| १ | श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौ। |

**तपसिल**

| सि.नं. | कम्पनीहरुको नाम | शेयर कित्ता |
|---|---|---|
| १. | **मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड** | **५,८९,४३८** |

**शर्तहरुः**

१. माथि उल्लेखित कम्पनीको शेयर खरिदका लागि प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरु सहभागी हुन सक्ने छन्।

२. बोलपत्र आवेदन फारम एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौंबाट रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ।

३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

४. शेयर खरिदको लागि न्यूनतम मूल्य **प्रति कित्ता रु.४३७/- (अक्षरेपी चार सय सैंतीस मात्र)** तोकिएको हुँदा उक्त मूल्य भन्दा कम मूल्य अंकित गरि पेश गरेको आवेदन स्वतः रद्द हुनेछ।

५. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा सम्बन्धित नियमकारी निकाएले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम सख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन।

६. शिलबन्दी खाम बाहिर "**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्रमा लाहाछाप गरिएको हुनुपर्ने छ।

७. बोलपत्र पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको आज मिति २०७७/१२/०४ पश्चात् सम्बन्धित कम्पनीबाट घोषणा हुने हकप्रद शेयर, बोनश शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरुले प्राप्त गर्ने छन्।

८. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरिद आवेदन फाराममा उल्लेखित बैंक खातामा नगद जम्मा गरि सो को सक्कल बैंक भौचर वा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ। साथै Good for payment cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।

९. शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। साथै, विद्यमान संस्थापकहरुले आफ्नो आय श्रोतको विवरण वा स्वःघोषणा समेत पेश गर्नुपर्नेछ।

१०. सबैभन्दा पहिले विद्यमान संस्थापकहरुलाई पहिलो प्राथमिकता दिई बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा अन्य व्यक्ति, कम्पनी, संघ, संस्थाहरु बिच बढी कबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ। बोलकबोल स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बिक्रीकर्ता बैंकमा निहित रहनेछ र कुनै शर्त राखी पेश गरेको आवेदनलाई मान्यता दिइने छैन। बाँडफाँडमा पर्नु भएका स्वीकृत आवेदकहरुलाई नेपाल राष्ट्र बैंकको स्वीकृती पश्चात् मात्र शेयर बाँडफाँड गरिनेछ।

११. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ।

१२. बोलपत्र मिति २०७८/०१/०७ गते बैंकिङ्ग समय भित्र एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौमा दर्ता भई सक्नु पर्नेछ। कुनै शर्त राखी पेश गरेको वा रीत नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन।

१३. प्राप्त बोलपत्रहरु सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।

१४. कम्पनीको हकमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदी संलग्न गर्नुपर्नेछ।

१५. स्वीकृत आवेदकलाई बाँडफाँड गर्न यस बैंकले निर्णय गरेको ३ कार्य दिन पछि बाँडफाँडमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ।

१६. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ। कुनै पनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्नेछैन। शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।

१७. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नहुने आवेदकले एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालय वा आधिकारीक निक्षेप सदस्यकहाँ सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नुहुनेछ।

१८. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रवन्धकको Website: www.nicasiacapital.com वा सूचना पाटीमा हेर्न सक्नुहुने छ।

**बिक्री प्रबन्धकः**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**

तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहल, काठमाडौं

फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८

Email: info@nicasiacapital.com

Website: www.nicasiacapital.com

**मिति २०७७/१२/०४ गतेको नागरिक र नयाँपत्रिका दैनिकमा प्रकाशित गर्ने।**